# आर्थिक सहायता कार्यविधि, २०८०

मार्मा गाउँपालिका कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२३

मार्मा गाउँपालिका,

गाउँकार्यपालिको कार्यालय, लटिनाथ दार्चुला,

सुदूरपश्चिम प्रदेश, नपाल

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरीबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, विपन्न वालवालिका, पूर्ण रुपले अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता, वेवास्तामा परेका जेष्ठ नागरिकको हित, प्राकृतिक प्रकोपजन्य विपद् बाट पीडित व्यक्तीहरुलाई राहत वितरण गर्न, कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०४) र प्रशासकीय नियमित गर्ने ऐन, २०७४ को दफा (४) बमोजिम मार्मा गाउँपालिका गाउँकार्यपालिकाले यो आर्थिक सहायता कार्यविधि, २०८० बनाइ लागु गरेको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम मार्मा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

क) **"गाउँपालिका"** भन्नाले मार्मा गाउँपालिका सम्झनु पर्छ ।

ख) **"गाउँकार्यपालिका"** भन्नाले मार्मा गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

ग) **"आर्थिक सहायता पाउन योग्य व्यक्ती"** भन्नाले आर्थिक रुपमा विपन्न भएको, मुटु, मृगौला, मष्तिष्क, फोक्सो, कलजो जस्ता शरीरका महत्वपुर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तीहरु, पक्षघात, यौनहिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरु हराएको वा वेवारिसे अवस्थामा फेला परेका, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेका, बेसाहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, अभिभावक विहिन वालवालिका, बेसाहारा बृद्धबृद्धा तथा विशेष कारणबश बेखर्ची भएका नागरिक, घरगोठ जलेर नष्ट भएका, बाढी पीडित, गाउँबासी डुबानमा परेका, गाउँबासी चट्याङ्ग, आगलागी उल्लेखित व्यहोरा भएका मार्मा गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधि समेत बुझ्नु पर्छ ।

घ) **"अध्यक्ष"** भन्नाले मार्मा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ) **"उपाध्यक्ष"** भन्नाले मार्मा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

च) **"वडा अध्यक्ष"** भन्नाले मार्मा गाउँपालिकाको वडा अध्यक्षलाइ सम्झनु पर्छ ।

छ) **"कार्य समिति"** भन्नाले वडाको कार्य समिति सम्झनु पर्छ ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः**

क) आर्थिक सहायता पाउन दीर्घ रोगी, मृगौला, मुटु, फोक्सो, कलेजो, मष्तिष्क पक्षघात तथा क्यान्सर पीडित व्यक्तीले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन । **(स्पष्टीकरणःआवश्यक कागज भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धीत वडा कार्यालयबाट प्रमाणित कागज, अस्पतालको रिपोर्ट, गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्छ ।)**

ख) उपदफा 'क' बमोजिम प्राप्त निवेदन माथि छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु. ५,०००/- (पाँच हजार) देखि बढीमा २५,०००/- (पच्चीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

**४. हिंसा पीडित तथा मानव बेच बिखनमा परेकालाई सहायताः**

क) यौन हिंसाबाट पीडित एवम बेचविखनमा परेका महिला तथा बालबालिकाहरुको तत्काल उद्धार गर्न बढीमा रु. ५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

ख) पीडितलाई न्याय दिलाउन तथा पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः**

क) बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रममा संलग्न रहेका, बाबु आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुर संग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका हिंसा पीडित बाबु आमा र संरक्षक बिहीन बालबालिका अपाङ्गता भएका व्यक्ती, सुस्त श्रवण भएका, एचआईभी एड्सबाट संक्रमित बालबालिका भएमा उद्धार गरी पालनपोषणको लागि रू.५,००० (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराइनेछ।

**६. खेलकुद तथा साँस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धि सहायताः**

क) स्थानीय तथा अन्तराष्ट्रीय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लव तथा संघ संस्थालाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

अ) स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा साँस्कृतिक कार्यक्रमको लागि रु. ५,०००/- (पाँच हजार) देखि बढीमा रु. १०,०००/- (दश हजार) सम्म ।

आ) जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा साँस्कृतिक कार्यक्रमका लागि ११,०००/- (एघार हजार) देखि रु.१५,०००/- (पन्ध्र हजार) सम्म ।

इ) प्रदेश तथा राष्ट्रीय स्तरमा हुने खेलकुद तथा साँस्कृतिका कार्यक्रमका लागि रु. १६,०००/- देखि रु. २५,०००/- (पच्चीस हजार) सम्म ।

ई) अन्तरराष्ट्रीय स्तरमा हुने खेलकुद तथा कार्यक्रमको लागि कार्यपालिको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायताः**

६० बर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न रोगी अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरी र निवेदन मनाशिब देखिएमा बढीमा रु. ५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ। तर गाउँपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता उपलब्ध हुने नागरिकको हकमा यो सुविधा लागु हुने छैन ।

**८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः**

क) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना वा आत्माहत्याको कारण वा औषधि उपचारको क्रममा मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शब फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजकृर्या गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा बढीमा रु. १५०००/-( पन्ध्र हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

ख) उपदफा (क) बमोजिम सहयता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय व्यवस्था नभएको व्यक्तीलाई मात्र सिफारिस गर्नुपर्नेछ ।

उल्लेखित व्यहोराको अवस्था गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत आइपरेमा आर्थिक सहायता दिन सकिनेछ ।

९. **संस्थागत सहायता कार्यक्रमः**

उल्लेखनीय र सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रमको सहयोग स्वरुप निवेदन पेश हुन आएमा बढीमा रु ७०००/- ( सात हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

१०. **विपद् कार्यमा सहायताः**

१. बाढी, डुबान, पहिरो, आगलागी, भुकुम्प, महामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपले विपन्न व्यक्तीहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश हुन आएमा र सो निवेदन मनाशिब देखिएमा राहत स्वरुप तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

क) प्राकृतिक प्रकोपबाट कुनै व्यक्तीको मृत्यु भएमा निजको नजिकको हकवालालाई काजकृया वाफत प्रतिव्यक्ती रु. २००००/- ( बीस हजार) मात्र।

ख) प्राकृतिक प्रकोपबाट घरबार भत्किइ आंशिक वा पूर्ण क्षति भएको अवस्थामा अवस्था हेरी जिविकोपार्जन तथा पुनःस्थापनाका लागि राहत स्वरुप रु. ५००० ( पाँच हजार) देखी रु.२५०००/- (पच्चीस हजार) सम्म ।

ग) प्राकृतिक प्रकोपमा परी अंगभंग भई आशिंक वा पूर्ण अशक्त अपांगता भएको अवस्थामा अवस्था हेरी राहत स्वरुप रु. ५०००/- (पाँच हजार) देखि रु. २५०००/- ( पच्चीस हजार) सम्म।

घ) प्राकृतिक प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएको अवस्थामा अवस्था हेरी रु. २०००/- (दुई हजार) देखी रु. १०,०००/- (दश हजार) सम्म ।

ङ) प्राकृतिक प्रकोपबाट पशु चौपायाको मृत्यु भएको अवस्था हेरी जिविकोपार्जन तथा पुनःस्थापनाका लागि राहत स्वरुप रु. २०००/- (दुई हजार) देखि रु. १००००/- दश हजार सम्म ।

२. उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तीले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनाको स्पष्ट तस्वीर सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

३. कार्यालयको शुभकामना प्रकाशन गरे बाफत पत्र पत्रिका तथा सञ्चार माध्ययमहरुलाई रु. ३०००/- (तीन हजार) देखि रु. ७०००/-(सात हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

११. **आर्थिक सहायता तथा उपचार सहयोगको लागि बजेटको व्यवस्था:**

१. यस कार्यविधि बमोजिम आर्थिक सहायता दिन उद्धार तथा पुनःस्थापना गर्ने प्रयोजनको लागि आर्थिक सहायता शीर्षक बजेटको व्यवस्था गरिनेछ।

२. उपदफा (१) अनुसारको आर्थिक सहायता भुक्तानी गर्दा निम्न बमोजिम भुक्तानी हुनेछ:

क. गाउँपालिकामा विनियोजन भएको बजेटमा गाउँपालिका अध्यक्षले रु. १५०००/- (पन्ध्र हजार) सम्म र सो भन्दा बढी दिनु परेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम दिनु पर्नेछ ।

१२. **कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:**

संस्थागत सामुदायिक तथा अन्य निकायलाई कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत बजेटको अधिनमा रही निम्न बमोजिमको कार्यक्रम दिन सकिनेछ ।

क) संस्थागत सामुदायिक तथा अन्य निकायलाई कार्यक्रम सञ्चालन गर्न दिइने बजेट उपभोक्ता समितिले गर्न पाउने हद भन्दा बढी हुने छैन र कार्यक्रम सञ्चालन गर्दा कम्तीमा २०% रकम अनिवार्य रुपमा लागत जनसहभागितामा गर्नु पर्नेछ।

१३. **अधिकार प्रत्यायोजन गर्न सकिने:**

यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको आफ्नो अधिकार वडा समिति र गाउँकार्यपालिकाले गाउँपालिका अध्यक्ष वा उपाध्यक्षलाई दिन सक्नेछ । तर दफा (११) बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन ।

१४. **पटक पटक आर्थिक सहायता दिन नपाइने:**

यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता कुनै व्यक्ती, संघ-संस्थालाई एक आर्थिक बर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

## परिच्छेद - ३

## विविध

१५. बजेटबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिनेछ। साथै कार्यालयको वेइवसाटबाट समेत उल्लेखित व्यहोरा जानकारी गराइनेछ।सम्बन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइनेछ ।

१६. **आर्थिक सहायता वितरणका पूर्व शर्तः**

यस कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ती तथा सामुदायिक संघ-संस्था वा संगठनको लागि देहाय बमोजिम हुनुपर्नेछ ।

क) यस कार्यविधिमा तोकीएको मापदण्ड पूरा भै गाउँपालिकाको पेश्की नभएको ।

ख) गाउँपालिकालाई नियमानुसार तिर्नु पर्ने कर महशुल सेवा शुल्क आदि तिरेको ।

ग) संगठित संस्थाको हकमा कर चुक्ता प्रमाण पत्र प्राप्त गरेको ।

घ) नेपाल सरकारको कुनै नियमाविधिपुर्वक दर्ता भएको वा गाउँपालिका भित्र स्थापना भएको संगठित संघ संस्था वा समूहको हकमा नियमानुसार मार्मा गाउँपालिकामा दर्ता भएको ।

ङ) बार्षिक लेखा परिक्षणको व्यवस्था भै आधिकारिक निकायबाट सो अनुसार लेखा परीक्षण गरेको ।

१७. **निवेदन दिनु पर्नेः**

दफा (३) देखि दफा (९) सम्म उल्लेखित क्षेत्रमा आर्थिक सहायता पाउन अनुसुची (१ ) बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

१८. **प्राप्त आर्थिक सहायता तोकीएको प्रयोजनमा खर्च गर्नुपर्नेः** यस गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे-जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको सोही प्रयोजनको लागि सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारीक कागजात गाउँपालिकाको लेखा शाखामा पेश गर्नु पर्नेछ ।

१९. मार्मा गाउँपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोगिता सम्बन्धमा गाउँकार्यपालिकाले स्थलगत अनुगमन गर्न आवश्यक ठानी स्थलगत अनुगमनको लागि निर्णय गरेमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाउँकार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्न देहाय बमोजिको एक समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी – संयोजक

ख) गाउँपालिकाको प्रशासन शाखा प्रमुख –सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख–सदस्य

घ) आर्थिक सहायता प्रदान गरिएको बिषय संग सम्बन्धित क्षेत्र हेर्ने संयोजक– सदस्य

ङ) प्राविधिक शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

२०. **संशोधन तथा परिमार्जनः**

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम गाउँकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गराउन सकिनेछ।

२१. **बचाउ तथा खारेजीः**

यस कार्यविधिमा व्यवस्था भएका कार्यहरुका हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसंग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।साथै गाउँ कार्यपालिकाबाट यस आ.व. सम्म भएका आर्थिक सहयोग सम्बन्धी निर्णयहरु यसै कार्यविधि अनुसारभएको मानिनेछ ।

अनुसुची -१

दफा (१२) संग सम्बन्धित

निवेदनको ढाँचा

मिति:-

श्रीमान गाउँपालिका प्रमुख ज्यू,
मार्मा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, लटिनाथ, दार्चुला ।

बिषय: आर्थिक सहायता उपलब्ध गराइ दिनु हुन।

प्रस्तुत बिषयमा म/हामी ........................................................................................ भई समस्यामा परी ........................................................................ गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौ । ........................................................ को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि तहाँ कार्यालयको नियमानुसारको आर्थिक सहायता उपलब्ध गराई दिन हुन तपसिलका कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु/छौ ।

तपसिल

१. आर्थिक रुपले विपन्न सिफारिस तथा प्रमाणित प्रतिलिपि।
२. नागरिकता, जन्म दर्ता, विवाहदर्ताको प्रमाणित प्रतिलिपि।
३. अस्पतालको वा सम्बन्धित निकायको रिपोर्ट।
४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/सम्बन्धित निकायको सिफारिस।

निवेदक

नाम:

ठेगाना:

दस्तखत: